


वर्ष ४२ | अंक ११ | नेपाल राष्ट्र बैंक समाचार | साउन २०७५ | जुलाई-अगष्ट २०१८

# चौधौं सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम सम्पन्न




*बाँयाबाट डेपुटी गभर्नर हसन, महासचिव लिदा, डेपुटी गभर्नर जाहिरा, गभर्नर पेन्जोरे, गभर्नर कबिर, अध्यक्ष सिद्दिकी, अर्थमन्त्री डा. खतिवडा, गभर्नर डा. नेपाल, महासचिव सियाल, डेपुटी गभर्नर कानुङ्गो, गभर्नर मुंग, सहायक गभर्नर फर्नान्डो, कार्यकारी निर्देशक ह्यानिग र विज्ञ नटराजन*

नेपाल राष्ट्र बैंकको आयोजनामा १४ औं सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम (14th SAARCFINANCE Governors' Symposium) २०७५ असार १३ गते (२०१८ जुलाई २७) काठमाडौंमा सम्पन्न भयो । सिम्पोजियमको उद्घाटन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले एक समारोहका बीच गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै अर्थमन्त्री डा. खतिवडाले सिम्पोजियम सार्क मुलुकका केन्द्रीय बैंकका गभर्नरहरू बीच आपसी सहयोग र समन्वयका लागि भेटघाट तथा छलफल गर्ने नियमित मञ्च भएको बताउनु भयो ।

व्यापारका हिसाबले मात्र होइन लगानीका हिसाबले पनि दक्षिण एसियाली मुलुकहरू एकापसमा आबद्ध भइसकेको चर्चा गर्दै उहाँले यस क्षेत्रका मुलुकहरूमा पर्यटक र कामदारहरूको आवतजावत बढ्दै गएकोले रेमिट्यान्सको कारोबार औपचारिक माध्यमबाट गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेमा जोड दिनु भयो ।

दक्षिण एसियाली क्षेत्रमा वित्तीय-प्रविधि (FinTech) अत्यावश्यक र टड्कारो विषयको रुपमा आइरहेको चर्चा गर्दै उहाँले सार्कफाइनान्सलाई कमन डिजिटल प्लेटफर्मको रुपमा छिटो विकास गर्न प्रविधिको क्षेत्रमा व्यापक कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । यसै सन्दर्भमा उहाँले नेपाली वित्तीय क्षेत्रमा पहिलेदेखि नै प्रविधिको प्रयोग हुँदै आएकोले २०७२ को विनासकारी भूकम्पबाट पनि नेपालको भुक्तानी प्रणालीमा कुनै अवरोध नआएको बताउनु भयो ।



समारोहमा सार्कका महासचिव महामहिम अमजद हुसैन बी सियालले विशेष सम्बोधन गर्नुभयो । सो अवसरमा उहाँले आर्थिक वृद्धि, सामाजिक रुपान्तरण र उच्च जीवनस्तर कायम गर्न सघाउ पुऱ्याउने सार्कको प्रमुख उद्देश्य रहेको चर्चा गर्दै यस क्षेत्रका लागि विकास गरिने डिजिटल भुक्तानी प्रणालीको साझा मञ्चले ती उद्देश्य पूरा गर्नमा सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।



समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै गभर्नर डा. चिरंजीबि नेपालले पछिल्लो समयमा केन्द्रीय बैंकहरूको काम कारवाहीमा व्यापक सुधार आएको बताउनु भयो ।



बाँकी ३ पेजमा

## एसीयूको ४७ औं बोर्ड बैठक सम्पन्न

### सन् २०१८ को अध्यक्षता नेपाललाई हस्तान्तरण

नेपाल राष्ट्र बैंकको आयोजनामा एसियन क्लियरिङ युनियन (Asian Clearing Union- ACU) को ४७ औं बोर्ड बैठक २०७५ असार १४ गते (२०१८ जुलाई २८) काठमाडौंमा सम्पन्न भयो । उक्त बैठकमा एसियूको अध्यक्षता सेन्ट्रल बैंक अफ श्रीलंकाबाट नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरियो ।



बाँकी ४ पेजमा

# विद्युतीय माध्यमबाट गरिने कारोबारको सीमा सम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले २०७५ असार ३१ गते एक निर्देशन जारी गरी विद्युतीय माध्यमबाट गरिने कारोबारको सीमा तोकेको छ।

निर्देशन अनुसार डेबिट कार्ड (Debit Card) बाट एक पटकमा रु.५०० देखि बढीमा रु.२५,००० सम्म नगद झिक्न सकिने छ। यस्तो कार्डबाट एक दिनमा बढीमा रु.१,००,००० सम्म मात्र नगद झिक्न पाइने छ तर बैंक तथा वित्तीय संस्थाहरूले नगद व्यवस्थापन, भौगोलिक अवस्था, सुरक्षा व्यवस्था र विशेष परिस्थिति समेतलाई ध्यानमा राखी उपरोक्त सीमा घटाउन सक्नेछन्।

सामान्यतयाः नगद कारोबार गर्न नपाइने क्रेडिट कार्ड (Credit Card) बाट ग्राहकलाई नगद अत्यावश्यक भएको अवस्थामा क्रेडिट कार्डको स्वीकृत सीमाको बढीमा २५ प्रतिशतसम्मको नगद झिक्न सकिने छ। यसरी कार्डबाट झिकिएको रकम भुक्तानी गर्ने समय समाप्त नहुँदै तोकिएको रकमको सीमा समाप्त भएको अवस्थामा झिकिएको रकम बैंकमा जम्मा गरी समयावधिभित्र पुनः नगद झिक्न पनि सकिने छ।

बैंक तथा वित्तीय संस्थाले एक पटकमा रु.१,००,००० सम्मको मात्र प्रिपेड कार्ड (Prepaid Card) जारी गर्न सक्नेछ। प्रिपेड कार्डबाट नेपालभित्र एक पटकमा रु.५०० देखि रु.१०,००० सम्म गरी एक महिनामा रु.५०,००० सम्म मात्र नगद झिक्न पाइने छ।

मोबाइल बैंकिङको माध्यमबाट भुक्तानी कारोबार गर्दा एक पटकमा बढीमा रु.५,००० वा प्रति दिन रु.१५,००० सम्मको कारोबार गर्न सकिने छ। कारोबारको बिल वा विवरण प्राप्त नहुने अवस्थामा बाहेक मासिक रु.५०,००० भन्दा बढीको भुक्तानी तथा जम्मा कारोबार गर्न पाइने छैन।

इन्टरनेट बैंकिङमार्फत् भुक्तानी कारोबार गर्दा दैनिक रु.१,००,००० सम्मको कारोबार गर्न सकिने छ तर मासिक रुपमा रु.५,००,००० भन्दा बढीको भुक्तानी कारोबार गर्न पाइने छैन। यसै गरी इन्टरनेट बैंकिङको माध्यमबाट बैंक तथा वित्तीय संस्थाको खातामा रकम ट्रान्सफर गर्दा एक पटकमा बढीमा रु.१,००,००० र एक महिनामा रु.१०,००,००० सम्मको ट्रान्सफर कारोबार गर्न सकिने छ।

नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नु पर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेसन तथा सेवा शुल्क लगायतका शुल्क सम्बन्धित निकायहरूले विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने नीतिगत व्यवस्था गरेको अवस्थामा बिल बमोजिमको रकम मोबाइल बैंकिङको माध्यमबाट भुक्तानी गर्न सकिने छ।

यसै गरी प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका नेपाल विद्युत प्राधिकरण, दूरसञ्चार सेवा प्रदायक संस्थाहरू, खानेपानी सेवा, शिक्षण संस्था (विद्यालय/कलेज), स्वास्थ्य संस्था, हवाई सेवा, यातायात सेवा, होटल तथा रेष्टुरेन्ट सेवा, सामाजिक सुरक्षा भत्ता, विमा प्रिमियम, धितोपत्र सम्बन्धी कारोबार जस्ता सेवाहरूको आवधिक रुपमा भुक्तानी गर्नु पर्ने शुल्कहरूको बिल बमोजिमको रकम पनि मोबाइल बैंकिङको माध्यमबाट भुक्तानी गर्न सकिने र यस्तो कारोबारमा उपरोक्त सीमा लागू नहुने तर भुक्तानी गरिएको रकमको विवरण अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरिएको छ।

भुक्तानी सेवा प्रदायक संस्थाले सञ्चालन गरेको Wallet मा ग्राहकले भुक्तानी प्रयोजनको लागि नगदै वा ट्रान्सफर गरी रकम जम्मा गर्न सक्नेछ। यस्तो रकम जम्मा संस्थाबाट नियुक्त आधिकारिक Agent वा Sub-Agent मार्फत मात्र गर्न सकिने र एक पटकमा बढीमा रु.५,०००, प्रति दिन रु.१५,००० र मासिक रूपमा रु.२५,००० सम्मको रकम जम्मा गर्न सकिने छ।

Wallet मा जम्मा रहेको रकम Agent वा Sub-Agent मार्फत भुक्तानी गर्दा एक पटकमा बढीमा रु.५,००० सम्म गर्न सकिने छ। यस्तो भुक्तानी सीमा एक दिनको लागि रु.१५,००० र एक महिनाका लागि रु.२५,००० तोकिएको छ।

नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नु पर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेसन तथा सेवा शुल्क लगायतका शुल्क सम्बन्धित निकायहरूले विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने नीतिगत व्यवस्था गरेको अवस्थामा बिल बमोजिमको रकम Wallet मार्फत भुक्तानी गर्न सकिने छ।

यसै गरी प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका नेपाल विद्युत प्राधिकरण, दूरसञ्चार सेवा प्रदायक संस्थाहरू, खानेपानी सेवा, शिक्षण संस्था (विद्यालय/कलेज), स्वास्थ्य संस्था, हवाई सेवा, यातायात सेवा, होटल तथा रेष्टुरेन्ट सेवा, सामाजिक सुरक्षा भत्ता, विमा प्रिमियम, धितोपत्र सम्बन्धी कारोबार जस्ता सेवाहरूको आवधिक रुपमा भुक्तानी गर्नु पर्ने शुल्कहरूको बिल बमोजिमको रकम पनि Wallet बाट भुक्तानी गर्न सकिने र यस्तो कारोबारमा उपरोक्त सीमा लागू नहुने तर भुक्तानी गरिएको रकमको विवरण अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरिएको छ।

भुक्तानी प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट भुक्तानी सेवा प्रदायक संस्थाले सञ्चालन गरेको Wallet मा वा एक Wallet बाट अर्को Wallet मा एक पटकमा रु.५,००० सम्मको रकम ट्रान्सफर गर्न सकिने छ। यस्तो रकमको सीमा एक दिनको लागि अधिकतम रु.१५,००० कायम गरिएको छ। Wallet बाट बैंक खातामा रकम ट्रान्सफर गर्दा यस्तो सीमा लागू नहुने व्यवस्था गरिएको छ।

सोही दिन भुक्तानी गर्ने प्रयोजनको लागि भने बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट भुक्तानी सेवा प्रदायक संस्थाले सञ्चालन गरेको Wallet मा एक पटकमा रु.५०,००० सम्मको रकम ट्रान्सफर गर्न पाइने छ। यस्तो रकम तोकिएको प्रयोजनमा सोही दिन भुक्तानी गर्नु पर्नेछ र कारोबारको प्रयोजन समाप्त भएपछि Wallet मा रहने मौज्दात भने रु.२५,००० भन्दा बढी हुनु हुँदैन।

भुक्तानी सेवा प्रदायक संस्थाले सञ्चालन गरेको Wallet बाट मोबाइल रिचार्ज, इन्टरनेट, केबुल टेलिभिजन तथा आधारभूत टेलिफोनको महसुल बिल बमोजिम भुक्तानी गर्न सकिने छ। यस्तो संस्थाले सञ्चालन गरेको ATM जस्तो उपकरणबाट वस्तु तथा सेवाको बिल भुक्तानी गर्दा प्रति कारोबार रु.५,००० सम्म, प्रति दिन रु.१५,००० सम्म र प्रति महिना रु.२५,००० सम्मको रिचार्ज वा टप अप गर्न सकिने छ।

विप्रेषण कम्पनी, त्यस्तो कम्पनी तथा बैंकबाट नियुक्त Agent वा Sub-Agent मार्फत विदेशबाट पठाएको विप्रेषण रकम नेपाली बैंक तथा वित्तीय संस्थामा प्राप्त भएपछि सम्बन्धित पक्षलाई प्रति व्यक्ति रु.१,००,००० सम्मको नगद भुक्तानी गर्न सकिने छ। सीमा भन्दा बढीको रकम बैंक खातामार्फत भुक्तानी गर्नु पर्नेछ। विप्रेषण कम्पनीहरूले नियमानुसार सञ्चालन गरेको Wallet मा वस्तु तथा सेवाको भुक्तानी प्रयोजनको लागि प्रति महिना रु.२५,००० सम्मको विप्रेषण रकम जम्मा गर्न सकिने व्यवस्था पनि गरिएको छ।

विद्युतीय माध्यमबाट गरिने कारोबारको सीमा सम्बन्धी व्यवस्था भुक्तानी सेवा प्रदायकहरूले नियुक्त गरेको Agent वा Sub-Agent र संस्थागत ग्राहकहरूको हकमा लागू नहुने उक्त निर्देशनमा उल्लेख छ।

# चौधौँ सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम...

दक्षिण एसियाली क्षेत्रमा वित्तीय समावेशीकरण अभिवृद्धिका लागि यस क्षेत्रका केन्द्रीय बैंकहरूले महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै उहाँले अब यस क्षेत्रका केन्द्रीय बैंकहरू सार्क क्षेत्रीय डिजिटल भुक्तानी प्रणाली अभिवृद्धिका लागि साझा मञ्च (Common Platform for Strengthening Digital Payment System in the SAARC Region) को विकास गर्नु पर्ने बेला आएको बताउनु भयो ।

सो अवसरमा उहाँले नेपालको पछिल्लो आर्थिक तथा वित्तीय स्थितिका बारेमा चर्चा गर्दै नेपाल न्यून आर्थिक वृद्धि र बढ्दो मूल्य वृद्धिको अवस्था पार गरी सहज आर्थिक वृद्धि र नियन्त्रित मुद्रास्फीतिको अवस्थामा आइपुगेको उल्लेख गर्नुभयो ।

समारोहमा विश्व बैंकका वरिष्ठ वित्तीय क्षेत्र विज्ञ हरिश नटराजनले सिम्पोजियमको मूल एजेण्डा Developing a Common



Platform for Strengthening Digital Payment System in the SAARC Region विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले सार्क क्षेत्रमा एकल भुक्तानी प्रणाली विकासका लागि सशक्त व्यवसायको अभाव, बढ्दो लागत, प्रभावकारी नेतृत्वको अभाव, कानुनी र नियमनकारी ढाँचा बीच समन्वयको अभाव, सञ्चालनगत सीमा, उपयुक्त व्यापार मोडलको अभाव आदि चुनौतीको रूपमा रहेको उल्लेख गर्नुभयो ।

पूर्वी अफ्रिकामा लागू गरिएको पूर्वी अफ्रिकाली भुक्तानी प्रणाली (East African Payment System) को उदाहरण प्रस्तुत गर्दै उहाँले एक क्षेत्रका लागि विकास गरिएको प्रणाली उस्तै प्रकृतिको अन्य क्षेत्रका लागि पनि उपयोगी हुने विचार व्यक्त गर्नुभयो ।

उद्घाटन सत्रको अध्यक्षता बंगलादेश बैंकका गभर्नर फाजले कबिरले गर्नुभएको थियो । समारोहमा मन्तव्य व्यक्त गर्दै उहाँले सार्क क्षेत्रमा भुक्तानीको




साझा मञ्च तयार गर्ने क्रममा सबै सदस्य मुलुकहरूले ई-कमर्स, RTGS, ACH जस्ता भुक्तानी प्रणालीका आधुनिक प्रविधिको प्रयोग बढाउँदै जानु पर्ने र यसबाट यस क्षेत्रका झण्डै २ अर्ब जनता लाभान्वित हुने धारणा व्यक्त गर्नुभयो ।

सिम्पोजियममा नेपाल राष्ट्र बैंक, बंगलादेश बैंक, दा अफगानिस्तान बैंक र रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर, भारतीय रिजर्व बैंक, स्टेट बैंक अफ पाकिस्तान र माल्दिभ्स मनिटरी अथोरिटीका डेपुटी गभर्नर तथा सेन्ट्रल बैंक अफ श्रीलंकाका सहायक गभर्नरको सहभागिता रहेको थियो । यसका साथै सिम्पोजियमको उद्घाटन सत्रमा सेन्ट्रल बैंक अफ म्यानमारका गभर्नर क्वाउ क्वाउ मुंग, एसियन क्लियरिङ युनियनका महासचिव महामहिम लिदा बोर्हान आजाद, सेन्ट्रल बैंक अफ इस्लामिक रिपब्लिक अफ इरानका निर्देशक डा. रसौल सज्जाद र Alliance for Financial Inclusion (AFI) का कार्यकारी निर्देशक डा. अल्फ्रेड ह्यानिग अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो ।

उद्घाटन सत्र पछि सिम्पोजियमको मूल एजेण्डा Developing a Common Platform for Strengthening Digital Payment System in the SAARC Region विषयमा राउण्ड टेबल छलफल आयोजना गरिएको थियो । गभर्नर डा. नेपालको अध्यक्षतामा सञ्चालित उक्त छलफलमा रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर डासो पेञ्जोरे, स्टेट बैंक अफ पाकिस्तानका डेपुटी गभर्नर शामसुल हसन, AFI का कार्यकारी निर्देशक डा. ह्यानिग र विश्व बैंकका विज्ञ हरिश नटराजन प्यानेलिष्टको रुपमा सहभागी हुनुभएको थियो ।



सिम्पोजियमको सुरुमा सार्कफाइनान्सका सदस्य केन्द्रीय बैंकका प्रतिनिधिहरूले आ-आफ्नो मुलुकको भुक्तानी प्रणालीको अवस्थाका बारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए । दुई चरणमा विभाजित उक्त सत्रको माल्दिभ्स मनिटरी अथोरिटीका डेपुटी गभर्नर आइसा जाहिराको अध्यक्षतामा सम्पन्न पहिलो चरणमा दा अफगानिस्तान बैंकको तर्फबाट उपमहानिर्देशक नइब खान जमाल, रोयल मनिटरी अथोरिटी अफ भुटानको तर्फबाट सार्कफाइनान्स संयोजक तथा कार्यकारी सचिव सोनम तोग्बे, बंगलादेश बैंकको तर्फबाट आर्थिक सल्लाहकार डा. मोहम्मद अख्तरुजमान र भारतीय रिजर्व बैंकको तर्फबाट डेपुटी गभर्नर विभुप्रसाद कानुङ्गोले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर डासो पेञ्जोरेको अध्यक्षतामा सम्पन्न दोस्रो चरणमा माल्दिभ्स मनिटरी अथोरिटीको तर्फबाट व्यवस्थापक हवा लथिफ, नेपाल राष्ट्र बैंकको तर्फबाट कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, स्टेट बैंक अफ पाकिस्तानको तर्फबाट निर्देशक सयद सोहैल जभाद र सेन्ट्रल बैंक अफ श्रीलंकाको तर्फबाट निर्देशक धर्मश्री कुमारातुङ्गेले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सिम्पोजियममा समापन मन्तव्य व्यक्त गर्दै सार्कफाइनान्सका अध्यक्ष खलिलुलाह सिद्दिकीले सिम्पोजियमको मूल एजेण्डा अति नै सान्दर्भिक रहेको र पारस्परिक लाभको



लागि आपसी समन्वय अति आवश्यक भएको चर्चा गर्नुभयो । साथै, उहाँले न्यून आय, न्यून वित्तीय साक्षरता, न्यून आर्थिक वृद्धि, न्यूनस्तरको वित्तीय समावेशीकरण सार्क क्षेत्रको प्रमुख समस्या रहेको बताउनु भयो ।

सिम्पोजियमको अन्त्यमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले धन्यवाद मन्तव्य व्यक्त गर्दै कार्यक्रममा सक्रिय सहभागिता



तथा मूल एजेण्डा माथि व्यक्त उच्च विचारका लागि सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

# एसीयूको ४७ औं बोर्ड बैठक...



अध्यक्षता हस्तान्तरण पश्चात् बैठकमा स्वागत मन्तव्य व्यक्त गर्दै गभर्नर डा. चिरंजीबि नेपालले ६ वर्षपछि नेपालले एसियूको बोर्ड बैठक आयोजना गरेको बताउनु भयो ।

सो अवसरमा न्यून आर्थिक वृद्धिको अवस्थाबाट गुज्रिरहेको नेपालको आर्थिक स्थितिमा सुधार आई पछिल्ला वर्षहरूमा सरदर ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भइरहेको चर्चा गर्दै गभर्नर डा. नेपालले सदस्य राष्ट्रहरूबीच भुक्तानी राफसाफ तथा क्लियरिङको क्षेत्रमा हुने समन्वयले एसियूको उचाई अझ बढ्ने धारणा व्यक्त गर्नुभयो ।

बैठकको सुरुमा एसियूको सन् २०१७ को अध्यक्षको हैसियतले सेन्टल बैंक अफ श्रीलंकाका सहायक गभर्नर टी एम जे वाई पी फर्नाण्डोले मन्तव्य व्यक्त गर्दै सदस्य मुलुकहरूबीचको आपसी भुक्तानी राफसाफ र क्लियरिङका लागि एसियू एक उत्कृष्ट मञ्च भएको बताउनु भयो ।




बैठकमा एसियूका महासचिव महामहिम लिदा बोर्हान आजादले एसियूको सन् २०१७ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।



बैठकले सन् २०१७ मा श्रीलंकामा सम्पन्न एसियूको ४६ औं बोर्ड बैठकको निर्णय पुस्तिका अर्थात् माइन्यूट अनुमोदन गऱ्यो भने एसियूका महासचिव आजादले प्रस्तुत गर्नुभएको प्रतिवेदन परिमार्जन सहित पारित गऱ्यो ।

बैठकमा एसियू सदस्य केन्द्रीय बैकका प्रतिनिधिहरूले आ-आफ्नो मुलुकको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभयो । यस क्रममा गभर्नर डा. नेपालले नेपालको, बंगलादेश बैंकका गभर्नर फाजले कबिरले बंगलादेशको, सेन्ट्रल बैंक अफ म्यानमारका गभर्नर क्वाउ क्वाउ मुंगले म्यानमारको, भारतीय रिजर्व बैंकका डेप्युटी गभर्नर विभुप्रसाद कानुङ्गोले भारतको, स्टेट बैंक अफ पाकिस्तानका डेपुटी गभर्नर शामसुल हसनले पाकिस्तानको, माल्दिभ्स




मनिटरी अथोरिटीका डेपुटी गभर्नर आइसा जाहिराले माल्दिभ्सको, सेन्ट्रल बैंक अफ इस्लामिक रिपब्लिक अफ इरानका निर्देशक डा. रसौल सज्जादले इरानको, सेन्ट्रल बैंक अफ श्रीलंकाका निर्देशक धर्मश्री कुमारातुङ्गेले श्रीलंकाको र रोयल मनिटरी अथोरिटी अफ भुटानका भुक्तानी प्रणाली अधिकृत पेमा डोर्जीले भुटानको कन्ट्री पेपर प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी बैठकमा २०७५ असार २७ गते काठमाडौंमा सम्पन्न एसियूको स्ट्यान्डिङ टेक्निकल कमिटी बैठकको निर्णय प्रस्तुत गरियो र बैठकले उक्त निर्णय अनुमोदन समेत गऱ्यो ।

## भुटान सन् २०१९ को एसियू अध्यक्ष

रोयल मनिटरी अथोरिटी अफ भुटान सन् २०१९ को लागि एसियूको अध्यक्ष चयन भएको छ । नेपाल राष्ट्र बैंकको आयोजनामा २०७५ असार १४ गते (२०१८ जुलाई २८) काठमाडौंमा सम्पन्न एसियूको ४७ औं बोर्ड बैठकबाट रोयल मनिटरी अथोरिटी अफ भुटानलाई सन् २०१९ को लागि एसियूको अध्यक्ष चयन गरिएको हो । बैठकले एसियूको ४८ औं बोर्ड बैठक सन् २०१९ मा भुटानमा गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले 'De-Risking Issues and How it Affects Trade: Experience of Each Member Country' विषयमा र सूचना प्रविधि विभागका उपनिर्देशक अजित रेग्मीले 'The Importance of Cyber Security on the Payment and Settlement System and Are We Prepared ?' विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभयो । बैठकमा ती कार्यपत्रमाथि छलफल भएको थियो ।

बैठकमा एसियूका सदस्यहरू नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नर डा. नेपाल, बंगलादेश बैंकको तर्फबाट गभर्नर कबिर, सेन्ट्ल बैंक अफ म्यानमारको तर्फबाट गभर्नर मुंग, रोयल मनिटरी अथोरिटी अफ भुटानको तर्फबाट गभर्नर डासो पेन्जोरे, भारतीय रिजर्ब बैंकको तर्फबाट डेपुटी गभर्नर कानुङ्गो, स्टेट बैंक अफ पाकिस्तानको तर्फबाट डेपुटी गभर्नर हसन, माल्दिभ्स मनिटरी अथोरिटीको तर्फबाट डेपुटी गभर्नर जाहिरा, सेन्ट्रल बैंक अफ श्रीलंकाको तर्फबाट सहायक गभर्नर फर्नाण्डो र सेन्ट्रल बैंक अफ इस्लामिक रिपब्लिक अफ इरानको तर्फबाट निर्देशक डा.सज्जादले भाग लिनुभएको थियो ।

एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक नियोग (United Nations Economic and Social Commission for Asia and the Pacific) को अगुवाईमा एसियूको स्थापना सन् १९७४ डिसेम्बर ९ मा भएको हो । यसमा बंगलादेश, भुटान, भारत, इरान, माल्दिभ्स, म्यान्मार, नेपाल, पाकिस्तान र श्रीलंकाका केन्द्रीय बैंकहरू गरी ९ सदस्य रहेका छन् । यसको प्रधान कार्यालय इरानको राजधानी तेहरानमा रहेको छ ।

# जोखिम व्यवस्थापन गोष्ठी २०७५ सम्पन्न

संस्थागत योजना विभागले २०७५ असार १ गते काठमाडौंमा जोखिम व्यवस्थापन गोष्ठी २०७५ आयोजना गर्‍यो । गोष्ठीको उद्घाटन गभर्नर डा. चिरंजीवि नेपालले गर्नुभयो ।

गोष्ठीलाई मार्ग निर्देशन गर्दै गभर्नर डा. नेपालले कुनै पनि जोखिमलाई हल्का रूपले लिन नहुने र पहिचान भएका जोखिमको न्यूनीकरणका लागि सचेत भई उपाय सुझाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

संस्थाले परिलक्षित गरेको उद्देश्य हासिल गर्ने सिलसिलामा आइपर्ने विभिन्न बाधा-व्यवधान तथा अप्ठ्याराहरू नै जोखिम भएको चर्चा गर्दै उहाँले कार्यसम्पादनको क्रममा जोखिम व्यवस्थापनका विविध उपायहरू अपनाउँदै अगाडि बढ्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

जोखिम व्यवस्थापन विश्वव्यापी चासोको विषय भएको उल्लेख गर्दै उहाँले केन्द्रीय बैंकले समग्र बैंकिङ क्षेत्रको जोखिमका साथै आफ्नै संस्थाको जोखिम पनि व्यवस्थापन गर्दै अगाडि बढ्नु पर्ने चुनौती रहेको बताउनु भयो ।

गोष्ठीको छलफलको क्रममा उठेका जिज्ञासाको जवाफमा गभर्नर डा. नेपालले जोखिम कम गर्न स्रोत, साधन र नीतिगत व्यवस्था आवश्यक पर्ने, यसको व्यवस्था गर्न केन्द्रीय बैंक सक्षम हुँदाहुँदै पनि काम नहुने अवस्था आउनु दुखलाग्दो भएको बताउँदै जोखिम बहन नगर्ने परिपाटी सबैले त्याग्नु पर्नेमा जोड दिनुभयो ।

गभर्नर डा. नेपालको प्रमुख आतिथ्यता, डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी तथा बैंकका सञ्चालक डा. श्रीराम पौड्यालको आतिथ्यतामा र डेपुटी गभर्नर शिवराज श्रेष्ठको अध्यक्षतामा सञ्चालित उक्त गोष्ठीमा डेपुटी गभर्नर श्रेष्ठले बैंकको कामकारवाहीमा निहित जोखिम व्यवस्थापन गर्ने कार्यमा सबै विभाग तथा कार्यालयहरूले समन्वयात्मक भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याउनु भयो । साथै, आगामी दिनमा बैंकको जोखिम न्यून मात्र भएको प्रतिवेदन प्रस्तुत हुने अपेक्षा उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा सञ्चालक डा. पौड्यालले बैंकको कार्य सम्पादनमा आइपर्ने जोखिम व्यवस्थापनमा उपलब्ध स्रोत, साधन र ज्ञानको उच्चतम उपयोग गर्दै अन्तर्राष्ट्रिय




रुपमा प्रचलित प्रक्रिया र विधि अपनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले जोखिम व्यवस्थापनको विद्यमान मोडेलिङ (Modelling) मा परिमार्जन गर्नुपर्ने र निश्चित विभाग तथा कार्यालयसँग सम्बन्धित जोखिम पहिचान गरी व्यवस्थापन गर्ने परिपाटीको विकास गर्नुपर्ने सुझाव दिनुभयो ।

उक्त सत्रमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक निलम तिम्सिनाले 'Risk Based Internal Audit: Three Lines of Defence' विषयक कार्यपत्र र संस्थागत योजना विभागका कार्यकारी निर्देशक पीताम्बर भण्डारीले जोखिम व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । साथै, गोष्ठीमा सहभागी सबै विभाग तथा कार्यालयका प्रमुखहरूले आ-आफ्नो विभाग तथा कार्यालयको जोखिम व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

बैंकभित्रको जोखिम व्यवस्थापन संख्यात्मक र गुणात्मक रुपमा परिमार्जित हुँदै आएको, जोखिम व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिनुपर्नेमा व्यवहारमा लागू हुन नसकेको, जोखिमको प्रकार अनुसार रिपोर्टिङ हुन नसकेको, जोखिमको ढाँचा (Risk Framework) मा समयानुकूल परिमार्जन गर्नु आवश्यक रहेको, कर्मचारीको संख्या घट्दो क्रममा रहेकोले सशक्त जनशक्ति व्यवस्थापन अत्यावश्यक रहेको, आन्तरिक लेखापरीक्षण कार्य परम्परागत पद्धतिबाट जोखिममा आधारित पद्धतिमा रूपान्तरण गर्न अन्तरविभाग तथा कार्यालयबीचको समन्वय अत्यावश्यक रहेको, जोखिममा आधारित आन्तरिक लेखापरीक्षणका लागि हरेक क्रियाकलापको अभिलेख राख्नुपर्ने लगायतका विषयउपर गोष्ठीमा छलफल भएको थियो ।

संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीको अन्त्यमा सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बैंकका सबै विभाग तथा कार्यालयका प्रमुखहरू तथा जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागिता रहेको उक्त गोष्ठीको सञ्चालन संस्थागत योजना विभागका उपनिर्देशक आर्या जोशीले गर्नुभएको थियो ।

## डेप्टी गभर्नर शिवाकोटी वित्तीय संस्थाको वार्षिकोत्सवमा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी सुनसरीको दुहबीमा २०७५ जेठ ३ गते आयोजित फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभयो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर शिवाकोटीले लघु वित्त र यसका विविध पक्षहरूका बारेमा प्रकाश पार्नुभयो ।

मन्तव्यका क्रममा उहाँले लघु वित्त कारोबारमा रहेको दोहोरोपना, सुशासनको अभाव, कर्जा जोखिमको वृद्धि लगायतका समस्याका बारेमा लघु वित्त वित्तीय संस्थाहरूले विशेष सतर्कता अपनाउनु पर्नेमा जोड दिनुभयो ।

करिब २० प्रतिशत जनता औपचारिक तथा अनौपचारिक वित्तीय सेवाको पहुँच बाहिर



रहेको चर्चा गर्दै उहाँले लघु वित्त वित्तीय संस्थाहरूले वित्तीय पहुँच विस्तारमा उल्लेख्य योगदान गर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा उक्त वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरू, स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, सञ्चारकर्मी लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# ५ वटा संस्थालाई भुक्तानी सम्बन्धी कारोबारको अनुमतिपत्र प्रदान

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले २०७५ असार मसान्तसम्ममा भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator-PSO) को रुपमा ३ र भुक्तानी सेवा प्रदायक (Payment Service Provider- PSP) को रुपमा २ गरी ५ वटा संस्थालाई भुक्तानी सम्बन्धी कारोबार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरेको छ ।

बैंकले प्रभु टेक्नोलोजी प्रा.लि., नेपाल क्लियरिङ हाउस लिमिटेड र स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेडलाई भुक्तानी प्रणाली सञ्चालकको रुपमा र आई.एम.ई. डिजिटल सोलुसन लिमिटेड र ई-सेवा फोन पे प्रा.लि.लाई भुक्तानी सेवा प्रदायकको रुपमा अनुमतिपत्र प्रदान गरेको हो ।

भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ को विनियम १५ मा भएको व्यवस्था बमोजिम ती संस्थाहरूलाई भुक्तानी सेवा सञ्चालनका लागि अनुमति प्रदान गरिएको हो ।

# वाणिज्य बैंकहरूले वित्तीय विवरण नयाँ ढाँचामा तयार गर्नुपर्ने

नेपालका वाणिज्य बैंकहरूले २०७५ साउन १ गतेदेखि आफ्नो वित्तीय विवरण नयाँ ढाँचामा तयार गर्नुपर्ने भएको छ ।

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ असार ३२ गते एक निर्देशन जारी गरी यस्तो व्यवस्था लागू गरेको हो ।

नयाँ ढाँचा अनुसार अब बैंकहरूले आफ्नो वित्तीय विवरणमा Consolidated Statement of Financial Position, Consolidated Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Consolidated Statement of changes in equity, Consolidated Statement of cash flows, Notes to the consolidated financial statements गरी प्रमुख ६ वटा विवरणहरू समेट्नु पर्नेछ ।

नयाँ ढाँचाको वित्तीय विवरण अन्तर्गत रहने वासलातमा सम्पत्ति शीर्षकमा विभिन्न १६ वटा, दायित्व शीर्षकमा ११ वटा र शेयरधनी कोष शीर्षकमा ५ वटा विषय समावेश गरिएका छन् ।

नयाँ ढाँचाको वित्तीय विवरण अन्तर्गत विभिन्न ४१ वटा अनुसूचीको पनि व्यवस्था गरिएको छ ।

# मुद्रा तथा धारक विनिमय अधिकारपत्रको उद्घोषण गर्नुपर्ने

२०७५ साउन १ गतेदेखि अमेरिकी डलर ५,००० वा सो बराबरको विदेशी मुद्रा भन्दा बढी र नेपाली रुपैयाँ ५,००० भन्दा बढी रकमको नगद वा धारक विनिमय अधिकारपत्र नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन उद्घोषण गर्नुपर्ने भएको छ ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ असार ३२ गते एक सूचना जारी गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २९(क) को उद्घोषण गर्नुपर्ने सम्बन्धी व्यवस्थाका सन्दर्भमा कसैले आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत नेपाली रुपैयाँ ५,००० सम्म वा अमेरिकी डलर ५,००० सम्म वा सो बराबरको अन्य विदेशी मुद्रा वा सो बराबरको धारक विनिमय अधिकारपत्र नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन सकिने गरी सीमा तोकेको छ ।

अमेरिकी डलर ५,००० वा सो बराबरको विदेशी मुद्रा भन्दा बढी र नेपाली रुपैयाँ ५,००० भन्दा बढी रकमको उपरोक्त बमोजिमको नगद वा धारक विनिमय अधिकारपत्र ल्याउने लैजाने भएमा त्यस्तो मुद्रा वा धारक विनिमय अधिकारपत्रको विवरण भन्सार अधिकृत समक्ष र कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत ल्याउने वा लैजाने भएमा सम्बन्धित कार्गो, कुरियर, हुलाक समक्ष सो कुराको उद्घोषण गर्नुपर्ने छ ।

साथै, कार्गो, कुरियर, हुलाक वा अन्य सेवा सञ्चालकले यसरी उद्घोषण गरेको विवरण तोकिएको ढाँचामा सम्बन्धित भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको सूचनामा उल्लेख छ ।

# १४ वटा सहकारी संस्था नियामकीय तथा सुपरिवेक्षकीय दायराबाट अलग

नेपाल राष्ट्र बैंकले १४ वटा सहकारी संस्थाहरूलाई सीमित बैंकिङ कारोबार गर्न प्रदान गरिएको अनुमतिपत्र २०७५ साउन १ गतेदेखि रद्द गरी बैंकको नियामकीय तथा सुपरिवेक्षकीय दायराबाट अलग गरेको छ । यसरी केन्द्रीय बैंकको नियामकीय तथा सुपरिवेक्षकीय दायराबाट अलग भएका सहकारी संस्थाहरूमा नवजीवन सहकारी संस्था लिमिटेड, धनगढी, कैलाली, सगुन सहकारी संस्था लिमिटेड, क्षेत्रपाटी, काठमाडौं, नेपाल सहकारी वित्तीय संस्था लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं, द सहारा लोन सेविङ कोअपरेटिभस् सोसाइटी लिमिटेड, मलंगवा, सर्लाही, विन्दबासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, खोपासी, काभ्रे, महिला सहकारी संस्था लिमिटेड, कुलेश्वर, काठमाडौं, सहकारी वित्तीय विकास संस्था लिमिटेड, नेपालगञ्ज, बाँके, मनकामना सहकारी संस्था लिमिटेड, बनेपा, काभ्रे, भेरी सहकारी वित्तीय संस्था लिमिटेड, नेपालगञ्ज, बाँके, विकु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, गैंडाकोट, नवलपरासी, किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, लम्की, कैलाली, स्टार बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लिमिटेड, विराटनगर, मोरङ, हिमालय सहकारी संस्था लिमिटेड, पुरानो बानेश्वर, काठमाडौं र उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वालिङ, स्याङ्जा रहेका छन् ।

# डेपुटी गभर्नर शिवाकोटी विश्व बैंकको कार्यक्रममा



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी २०७५ असार ४ देखि ८ (२०१८ जुन १८ देखि २२) सम्म World Bank Group ले अमेरिकाको वासिंगटन डिसीमा आयोजना गरेको Financial Sector Issues विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रमको मुख्य विषय Finance in Digital Era रहेको थियो ।

कार्यक्रममा वित्तीय क्षेत्रमा हुने प्रविधिको प्रयोग र यससँग सम्बन्धित विषयहरूमा सहभागीहरूबीच गहन विश्लेषण तथा छलफल भएको थियो ।

कार्यक्रममा भाग लिन डेपुटी गभर्नर शिवाकोटी २०७५ जेठ ३१ गते त्यसतर्फ प्रस्थान गर्नुभई २०७५ असार ११ गते स्वदेश फर्कनु भएको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठद्वारा बधाई ज्ञापन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले २०७५ असार ४ गते उहाँकै कार्यकक्षमा गण्डकी विकास बैंक लिमिटेड, पोखराको सञ्चालक समितिका नवनिर्वाचित अध्यक्ष सुशिल गौचनलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।




सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले नवनिर्वाचित अध्यक्ष गौचनलाई बधाई दिनुका साथै संस्थाको गोपनीयता कायम राखी नियमानुसार कामकाज गर्न निर्देशन पनि दिनुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल, उपनिर्देशक निर्मलकुमार कार्की लगायत गण्डकी विकास बैंकका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ (शपथ ग्रहण) मा उल्लेख भएको बैंक वा वित्तीय संस्थामा नियुक्त भएको अध्यक्षले राष्ट्र बैंक समक्ष शपथ लिनुपर्ने प्रावधान बमोजिम उक्त शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको हो ।

# सञ्चालक रेग्मीद्वारा सेमिनारमा सहभागिता

नेपाल राष्ट्र बैंकका सञ्चालक रामजी रेग्मी सिसन सेन्टरले श्रीलंकाको कोलम्बोमा २०१८ जुलाई १ देखि ४ सम्म आयोजना गरेको Central Bank Governance विषयक सेमिनारमा सहभागी हुनुभयो । सेमिनारमा भाग लिन उहाँ २०१८ जुन २९ मा कोलम्बोतर्फ प्रस्थान गर्नु भई जुलाई ७ मा स्वदेश फर्कनु भयो ।



उक्त सेमिनारमा वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल पनि सहभागी हुनुहुन्थ्यो ।

विभिन्न मुलुकका केन्द्रीय बैंकका उच्च पदस्थ अधिकारीहरूको सहभागिता रहेको उक्त सेमिनारको उद्देश्य केन्द्रीय बैंकको सञ्चालक समितिका सदस्य एवम् उच्च व्यवस्थापनलाई आ-आफ्नो केन्द्रीय बैंकको संस्थागत सुशासनलाई थप मजबुत बनाउन आधार प्रदान गर्ने रहेको थियो ।

सेमिनारमा विभिन्न केन्द्रीय बैंकले कार्यान्वयनमा ल्याएका Institutional Good Governance Practice का बारेमा छलफल भएको थियो। सेमिनारमा सहभागी प्रतिनिधिहरूले आ-आफ्नो संस्थामा Good Governance Practice कार्यान्वयनमा ल्याउने र थप मजबुत बनाउने आशा लिइएको छ।

# सार्क अन्तरदेशीय विप्रेषण सम्बन्धी सेमिनार सम्पन्न

चौधौं सार्कफाइनान्स गभर्नर्स सिम्पोजियमको समानान्तर सत्रको रूपमा २०७५ असार १३ गते डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थितिमा दक्षिण एसियामा सुरक्षित अन्तरदेशीय विप्रेषणको प्रवर्द्धन (Promoting Secure and Safe Cross-border Remittances in South Asia) विषयक सेमिनार सम्पन्न भयो ।




सो अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्रेष्ठले विप्रेषण आप्रवाहले राष्ट्रिय बचत बढाउन, गरिबी न्यूनीकरण गर्न र विदेशी विनियम सञ्चिति बढाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

विप्रेषण र भुक्तानी सम्बन्धी कारोबारमा वित्तीय-प्रविधि (FinTech) को प्रयोग बढाउँदै लैजानु पर्नेमा जोड दिँदै उहाँले सार्कफाइनान्स सञ्जालले गरेको अन्तरदेशीय विप्रेषणको लागत कम गर्ने सम्बन्धी अध्ययन अन्तरदेशीय विप्रेषणको प्रवर्द्धन सम्बन्धमा एक महत्वपूर्ण कडीको रूपमा रहेको बताउनु भयो ।

सेमिनारमा Alliance for Financial Inclusion (AFI) का कार्यकारी निर्देशक डा. अल्फ्रेड ह्यानिगले अन्तरदेशीय विप्रेषणको मुद्दाले सार्क क्षेत्रमा रणनैतिक महत्व पाइरहेको चर्चा गर्दै वित्तीय पहुँच अभिवृद्धि गर्न नीति तथा नियमन, पूर्वाधार र बजारको स्थिति सम्बन्धमा नियामक निकायले विशेष ध्यान दिनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

उक्त सेमिनारमा AFI को रणनीति तथा सदस्य सम्बन्ध विभाग प्रमुख केनेडी कोम्बाले Cross-Border Remittances: AFI Network's Experiences and Reflections विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच सम्झौता सम्पन्न

बैंक अफ कोरियाको सहयोगमा 2018 Bank of Korea Knowledge Partnership Program (2018 BOK-KPP) अन्तर्गत नेपालको Payment and Settlement System Development विषयमा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच २०७५ असार ३ गते एक सम्झौता सम्पन्न भयो ।




डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा आयोजित एक कार्यक्रमका बीच सम्पन्न उक्त सम्झौताको सम्झौतापत्रमा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिला र बैंक अफ कोरियाको तर्फबाट अन्तर्राष्ट्रिय सम्बन्ध विभागका उपमहानिर्देशक सिउङ ही ली (Mr. Seung Hee Lee) ले हस्ताक्षर गर्नुभयो ।

उक्त कार्यक्रम अन्तर्गत बैंक अफ कोरियाको सहयोगमा कोरिया विश्वविद्यालय (Korea University) का अनुसन्धानकर्ताहरूले नेपाल राष्ट्र बैंकको भुक्तानी प्रणालीसँग सम्बन्धित क्षेत्रहरूका बारेमा अनुसन्धानात्मक प्रतिवेदन तयार गर्ने योजना रहेको छ । सो अनुसन्धान प्रतिवेदन अन्तर्गत नेपालको भुक्तानी प्रणालीको विकासको अवस्था, देखिएका समस्या तथा चुनौतीहरू र समाधानको लागि भविष्यमा अवलम्बन गर्नु पर्ने उपायहरू सहितको खाका तयार गर्ने कार्यक्रम रहेको छ । उक्त अनुसन्धानको क्रममा नेपाल राष्ट्र बैंकका कर्मचारीहरूलाई ज्ञान आदानप्रदान कार्यक्रम अन्तर्गत कोरियाली भुक्तानी प्रणालीको बारेमा अवलोकनात्मक जानकारी गराउने कार्यक्रम समेत रहेको छ ।

कार्यक्रममा बैंक अफ कोरियाको तर्फबाट कोरिया विश्वविद्यालयका प्रोफेसर चोङ लिवई ली (Professor Choong Lyoi Lee) र नेपाल राष्ट्र बैंकका तर्फबाट भुक्तानी प्रणाली विभागका निर्देशक रेवतीप्रसाद नेपालले आ-आफ्नो देशको भुक्तानी प्रणालीको विद्यमान अवस्था, देशमा प्रचलित भुक्तानीका उपकरण तथा कारोबारको हिसाब मिलान प्रणाली, भुक्तानी प्रणालीमा देखिएका समस्या र सोको समाधानका उपायहरू समावेश भएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ती कार्यपत्र उपर कार्यक्रममा दुई पक्ष बीच छलफल समेत गरिएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकको तर्फबाट डेपुटी गभर्नर, कार्यकारी निर्देशक, निर्देशक तथा अन्य अधिकृतहरू गरी २१ जना र बैंक अफ कोरियाको तर्फबाट ११ जना गरी ३२ जनाको सहभागिता रहेको थियो ।

# सर्लाहीको सोल्टी बजारमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

जनकपुर कार्यालयले सर्लाहीको सोल्टी बजारमा २०७५ असार २२ गते वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो । सर्लाहीको बागमती नगरपालिका, वडा नं. ८ र वरपरका सर्वसाधारणमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले शङ्करपुरस्थित श्री नव जनजागरण माध्यमिक विद्यालय परिसरमा सञ्चालन गरिएको उक्त कार्यक्रम कार्यालयका निर्देशक नरेश शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो ।




सो अवसरमा निर्देशक शाक्यले कार्यक्रममा उपस्थित विद्यार्थी तथा अभिभावकहरूलाई आम्दानी रकम बचत गर्ने र उक्त बचत परिचालन गर्ने तरिकाका बारेमा जानकारी गराउँदै बचत गर्नु र बचत परिचालन गर्नु महत्वपूर्ण आर्थिक पाटो भएको बताउनु भयो ।

आफूसँग रहेको रकमको उच्चतम परिचालन र वित्तीय कारोबार सम्बन्धी समग्र जानकारी प्राप्त गर्नु नै वित्तीय साक्षरताको मुख्य केन्द्रबिन्दु रहेको चर्चा गर्दै उहाँले वित्तीय साक्षरताको प्रभावकारिताका लागि स्थानीय तह, सहकारी संस्थाहरू, विद्यालय तथा कलेज, बैंक तथा वित्तीय संस्थाहरूबीच आपसी समन्वय गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणको घरघरमा पुगेर सेवा दिनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले ब्याजदर स्थिरताका लागि नेपाल राष्ट्र बैंक सजग रहेको र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नका लागि नीतिगत व्यवस्था कायम गरेको बताउनु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै जनकपुर कार्यालयका उपनिर्देशक प्रल्हाद गिरीले वित्तीय साक्षरता अभियान विद्यालयका छात्रछात्रादेखि सबै तह र तप्काका सर्वसाधारणलाई आवश्यक भएको बताउनु भयो । साथै, उहाँले विदेशबाट प्राप्त रेमिट्यान्सदेखि लिएर हरेक किसिमका आर्थिक कारोबार औपचारिक बैंकिङ माध्यमबाट गर्न वित्तीय चेतना झल्काउने यस्तो कार्यक्रमको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा श्री नव जनजागरण माध्यमिक विद्यालयका प्रधानाध्यापक जवाहरलाल कुशवाह र छिमेक लघु वित्त वित्तीय संस्थाका क्षेत्रीय प्रबन्धक निरञ्जन महतोले वित्तीय साक्षरता अभियानको सन्दर्भ र औचित्य तथा लघु वित्त वित्तीय संस्थाहरूले वित्तीय साक्षरताका लागि गरेका प्रयासहरूको बारे चर्चा गर्नुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले वित्तीय चेतनामूलक सन्देश रहेको प्रचार सामग्री पाउँदा आफूहरूलाई खुशी लागेको र यस्तै कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्ने राय दिएका थिए । बैंकिङ व्यवसाय, सेवा र औपचारिक बैंकिङ बारे उनीहरूमा ठूलो कौतूहलता रहेको थियो ।

बागमती नगरपालिका, वडा नं. ८ का वडा अध्यक्ष मानबहादुर लामा, वडा सदस्य कृष्णदेव महतो, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर कार्की, स्थानीय कृषक, विद्यार्थी, अभिभावक, उद्यमी, व्यवसायी लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका प्रधान सहायक गंगेशकुमार झाले गर्नुभएको थियो ।

# फोरकास्टिङ एण्ड मोडेलिङ टेक्निक तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७५ असार २५ देखि २७ गतेसम्म केन्द्रको सभाहल थापाथली, काठमाडौंमा 'Forecasting and Modeling Techniques with E-Views' विषयक अधिकृतस्तरीय तालिम आयोजना गऱ्यो ।

तालिमको शुभारम्भ अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले गर्नुभयो । नौ सत्रमा विभाजन गरी प्रशिक्षण दिइएको उक्त तालिममा अनुसन्धान विभागका कार्यकारी निर्देशक थापा, त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र विभागका प्राध्यापक डा.रामप्रसाद ज्ञवाली, काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा. निरज पौड्याल, इसिमोडका निर्देशक डा.मणि नेपाल, अनुसन्धान विभागका निर्देशक डा.गुणाकर भट्ट, उपनिर्देशक सुमन न्यौपाने, सहायक निर्देशकद्वय डा.टापप्रसाद कोइराला र सिद्धराज भट्टले प्रशिक्षण दिनुभएको थियो ।

तालिममा उपनिर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका वासुदेव भट्टराई, अनुसन्धान विभागका रञ्जना पण्डित, बैंक तथा वित्तीय संस्था नियमन विभागका सुधा श्रेष्ठ, बैंकिङ कार्यालयका इमेश पौडेल, जनकपुर कार्यालयका सञ्जीवकुमार झा, विराटनगर कार्यालयका नन्दकुमार ढकाल तथा वीरगञ्ज कार्यालयका श्यामराज त्रिपाठी, सहायक निर्देशकहरू गभर्नरको कार्यालयका रामकाजी खाइजू, पोखरा कार्यालयका रामकुमार कार्की, विकास बैंक सुपरिवेक्षण विभागका श्यामप्रसाद ढकाल, अनुसन्धान विभागका जयन्ती चापागाईं, बाबुराम कोइराला, मीनप्रसाद पोखरेल, सुन्दर खड्का, समीरहरि शर्मा तथा भरत ओड, वित्त कम्पनी सुपरिवेक्षण विभागका राजेश घिमिरे, बैंक सुपरिवेक्षण विभागका सचिनराज पिया, सिद्धार्थनगर कार्यालयका रामप्रसाद न्यौपाने, धनगढी कार्यालयका पृथु शर्मा विनाडी, राष्ट्र ऋण व्यवस्थापन विभागका मञ्जु पौड्याल, नेपालगञ्ज कार्यालयका चोपकान्त सुवेदी, सूचना प्रविधि विभागका सागरमायालु जोशी र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका देवेशमान जोशी गरी २४ जनाको सहभागिता रहेको थियो ।

# जिल्लास्थित कार्यालयमा ज्ञान आदानप्रदान

२०७५ असार महिनामा विराटनगर, जनकपुर र वीरगञ्ज कार्यालयले ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरेका समाचार प्राप्त भएको छ ।

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले २०७५ असार १५ गते कार्यालयको सभा हलमा चौथो पटकको ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा पूर्व अर्थमन्त्री महेश आचार्यले Market Economy and Role of the State विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा प्रस्तुत कार्यपत्र उपर सहभागीहरूबीच छलफल गरिएको थियो । सो अवसरमा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता पूर्व अर्थमन्त्री आचार्यले दिनुभएको थियो ।

कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।



## जनकपुर कार्यालय

जनकपुर कार्यालयले निर्देशक नरेश शाक्यको सभापतित्वमा २०७५ असार २५ गते कार्यालयको सभा हलमा ज्ञान आदानप्रदान कार्यक्रमको चौथो श्रृङ्खला सम्पन्न गऱ्यो ।

कार्यक्रममा निर्देशक शाक्यले ज्ञान आदानप्रदान कार्यक्रम कर्मचारीहरूबीच समसामयिक आर्थिक, मौद्रिक, बैंकिङ तथा वित्तीय क्षेत्रमा भए गरेका विषयवस्तुको प्रस्तुति हुने भएकोले यसले दक्षता अभिवृद्धि तथा सीप विकासमा महत्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भयो । कुनै कर्मचारीमा ज्ञान बाँड्ने सीप हुने र कुनैमा त्यसै ज्ञानको आवश्यकता रहने चर्चा गर्दै उहाँले ज्ञान आदानप्रदान कार्यक्रमले ज्ञान लिने र दिने दुवैलाई फाइदा पुग्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले पालैपालो सबै कर्मचारीले प्रस्तुति दिनका लागि आफूलाई तयार गर्दै लैजानु पर्ने बताउनु भयो ।

कार्यक्रममा कार्यालयका सहायक निर्देशक ज्ञानेन्द्र सुवालले संस्थागत सुशासनका लागि आईएफआरएसको शीघ्र कार्यान्वयन गर्नु पर्ने धारणा सहित IFRS: Basic Concepts विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपालमा विद्यमान वित्तीय प्रतिवेदन पद्धति र यसका सीमाहरूको निराकरणका लागि IFRS को अवलम्बनबाट हुन सक्ने योगदानको चर्चा गरिएको थियो । नेपालको वित्तीय क्षेत्रमा संस्थागत सुशासन अझै पनि चुनौतीको रुपमा रहेको चर्चा गर्दै कार्यपत्र प्रस्तोता सुवालले सोको प्रभावकारी व्यवस्थापनका लागि पनि अन्तर्राष्ट्रिय स्तरको रिपोर्टिङ पद्धति आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ पनि उहाँले दिनुभएको थियो ।

कार्यक्रममा IFRS तुलनात्मक रुपमा महँगो हुनुका साथै सोको सञ्चालनका लागि आवश्यक भौतिक तथा मानवीय साधनको व्यवस्थापन अलि जटिल रहेको र सोको निराकरणका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा सरोकारवाला निकायहरू बीच आवश्यक समन्वय हुनु पर्नेमा जोड दिइयो ।

जनकपुर कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक पुष्करराज भट्टराईले गर्नुभएको थियो ।

## वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयले २०७५ असार २६ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक रविन्द्र महर्जनले कार्यक्रमको शुभारम्भ गर्दै यस प्रकारको कार्यक्रमले व्यक्तिगत, पेशागत तथा संस्थागत विकासमा समेत टेवा पुग्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा कार्यालयका उपनिर्देशक निश्चल अधिकारीले Access of Bank and Financial Institutions in Province No.2 विषयक वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले प्रदेश नं.२ का ८ जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाहरूको अवस्था, वित्तीय पहुँच अभिवृद्धिको लागि नेपाल राष्ट्र बैंकले खेलेको भूमिका लगायतका विषयमा प्रकाश पार्नुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# वैदेशिक तालिममा सहभागिता

कार्यकारी निर्देशकद्वय लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका जनकबहादुर अधिकारी र राष्ट्र ऋण व्यवस्थापन विभागका डा. भुवनेशप्रसाद पन्त UNCDF ले २०१८ जुन २४ देखि २७ सम्म अमेरिकामा आयोजना गरेको Making Access Possible विषयक Global Meeting मा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा.शंकरप्रसाद आचार्य SEACEN Centre ले २०१८ जुलाई ५ देखि ६ सम्म इण्डोनेसियामा आयोजना गरेको Payment and Settlement Systems विषयक Conference मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ Bank for International Settlement (BIS) ले २०१८ जुन २३ देखि २४ सम्म स्विट्जरल्याण्डमा आयोजना गरेको BIS को सन् २०१८ को वार्षिक साधारण सभा (AGM) मा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेल SEACEN Centre ले २०१८ मे २७ देखि २८ सम्म हङकङमा आयोजना गरेको 20th SEACEN-FSI Conference of the Directors of Supervision of Asia Pacific Economies विषयक सम्मेलनमा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका कार्यकारी निर्देशक मुकुन्द्रकुमार क्षेत्री China Banknote ले २०१८ जुन २० देखि २२ सम्म चीनमा आयोजना गरेको Theoretical and Practical Observation of CBPMs Mint and Coin विषयक तालिममा सहभागी हुनुभयो । टक्सार महाशाखाका कायम मुकायम निर्देशक श्यामकृष्ण दाहाल तथा सहायक निर्देशकहरू रेवतीकुमार श्रेष्ठ र गुञ्जनकुमार श्रेष्ठका साथै मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक रघु थापाले पनि उक्त तालिममा भाग लिनुभएको थियो ।

निर्देशकद्वय अनुसन्धान विभागका प्रदिपराज पौड्याल तथा पोखरा कार्यालयका पोमनाथ गौतम China-IMF Capacity Development Center ले २०१८ जुन १५ देखि जुलाई ६ सम्म चीनमा आयोजना गरेको Financial Development and Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक डा.गुणाकार भट्ट SEACEN Centre ले २०१८ जुलाई १२ देखि १३ सम्म मलेसियामा आयोजना गरेको 40th Meeting of SEACEN Directors of Research & Monetary Policy विषयक सेमिनारमा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक गुरुप्रसाद पौडेल FDC ले २०१८ जुन २७ देखि २८ सम्म जापानमा आयोजना गरेको The Inclusion Imperative: Advancing Policies, Targets and Plans विषयक कार्यक्रममा सहभागी हुनुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक तेजबहादुर खाँण पनि उक्त कार्यक्रममा सहभागी हुनुभएको थियो ।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपाने, बैंकिङ कार्यालयका उपनिर्देशक पूर्णबहादुर महर्जन र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक हरिप्रसाद आचार्य Standard Chartered Bank ले २०१८ जुलाई १० देखि ११ सम्म सिंगापुरमा आयोजना गरेको Asia Reserve Managers Exchange Visit मा सहभागी हुनुभयो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका कायम मुकायम निर्देशक सुष्मा रेग्मी एसियाली विकास बैंकले २०१८ जुन १३ देखि १५ सम्म बैंककमा आयोजना गरेको 2018 Asian Regional Public Debt Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका कायम मुकायम निर्देशक हिमप्रसाद न्यौपाने र उपनिर्देशक सुभाष आचार्य European Central Bank ले २०१८ जुलाई ९ देखि १३ सम्म जर्मनीमा आयोजना गरेको Formulation and Implementation of Monetary Policy in Euro Asia विषयक सेमिनारमा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका उपनिर्देशक लक्ष्मीप्रसाद प्रसाई AFI ले २०१८ जुन १८ देखि २२ सम्म रुवाण्डामा आयोजना गरेको Developing a Digital Government Payments Digitization विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक निर्मलकुमार कार्की तथा सहायक निर्देशकहरू सोही विभागका सुमनराज डंगोल, बैंकिङ कार्यालयका रञ्जना शर्मा र बैंक सुपरिवेक्षण विभागका पुनिता मण्डल APEC/FRTI ले २०१८ जुन २५ देखि २९ सम्म भियतनाममा आयोजना गरेको Risk Based Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक देवेन्द्र गौतम चीन सरकारले २०१८ जुलाई १७ देखि ३० सम्म चीनमा आयोजना गरेको Anti-Money Laundering Measures and Practices for Nepal विषयक सेमिनारमा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक राजेन्द्रप्रसाद रिमाल तथा सहायक निर्देशकहरू सोही विभागका बबिता ढुङ्गाना, विकास बैंक सुपरिवेक्षण विभागका रविप्रकाश मजगैंया र बैंक तथा वित्तीय संस्था नियमन विभागका कर्ता श्रेष्ठ SEACEN Centre ले २०१८ जुलाई १६ देखि २० सम्म मंगोलियामा आयोजना गरेको Advanced Course for Bank Examiners विषयक तालिममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक पुष्पा अधिकारी तथा सहायक निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका टेकनाथ पोखरेल र संस्थागत योजना विभागका स्वेच्छा शाक्य SEACEN Centre ले २०१८ जुलाई १ देखि ६ सम्म कम्बोडियामा आयोजना गरेको Intermediate Modeling and Forecasting Techniques विषयक तालिममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक उमा जोशी IMF-STI ले २०१८ जुन १८ देखि २९ सम्म सिंगापुरमा आयोजना गरेको Financial Sector Surveillance विषयक तालिम कार्यक्रममा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक दिपेन्द्रप्रसाद पोखरेल ISCB ले २०१८ जुलाई २ देखि ५ सम्म टर्कीमा आयोजना गरेको Central Bank Policy Mix: Issues, Challenges and Policy Response विषयक तालिममा सहभागी हुनुभयो ।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक तुलाराम ओझा नेपाल सरकारले

२०१८ जुलाई १६ देखि २० सम्म इण्डोनेसियामा आयोजना गरेको Value Chain Development विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू सूचना प्रविधि विभागका रामनाथ पण्डित, भुक्तानी प्रणाली विभागका दिपक पोखरेल, बैंकिङ कार्यालयका गोविन्द कार्की तथा नेपालगञ्ज कार्यालयका किरण दिक्षित SEACEN Centre ले २०१८ जुलाई २ देखि ४ सम्म इण्डोनेसियामा आयोजना गरेको Technological Innovations & Strengthening Resilience of Payment System to Cybercrimes विषयक तालिममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका सहायक निर्देशक डिल्लीराम पोखरेल China Accounting Standard Committee ले २०१८ जुलाई १ देखि ६ सम्म चीनमा आयोजना गरेको IFRS Training मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशकद्वय सौनभ श्रेष्ठ र विपिनकुमार महतो RBI Staff College ले २०१८ जुन १८ देखि २१ सम्म भारतमा आयोजना गरेको Monetary Theory and Policy विषयक तालिममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशकद्वय प्रमेश पोखरेल र भुवानीप्रसाद गौतम Monetary Authority of Singapore ले २०१८ जुन २४ देखि २९ सम्म सिंगापुरमा आयोजना गरेको 26th MAS Banking Supervisors Training मा सहभागी हुनुभयो ।

सिद्धार्थनगर कार्यालयका सहायक निर्देशकद्वय कृष्णप्रसाद शर्मा र माधवराज ढकाल Bank of Korea ले २०१८ जुन २५ देखि २८ सम्म कोरियामा आयोजना गरेको Micro-Financial History and Micro-Prudential Policy विषयक तालिममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मणिराज श्रेष्ठ De La Rue ले २०१८ जुन २५ देखि जुलाई ४ सम्म बेलायतमा आयोजना गरेको Advanced Banknote Managers Course 2018 विषयक तालिममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक कल्पनादेवी पौडेल Bank for International Settlement ले २०१८ जुन २५ देखि २९ सम्म स्विट्जरल्याण्डमा आयोजना गरेको Portfolio Analysis विषयक तालिममा सहभागी हुनुभयो ।

## कायम मुकायम मुकर्रर

उपनिर्देशकहरू संस्थागत योजना विभागका केशवबहादुर के.सी. विदेशी विनिमय व्यवस्थापन विभागको र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका शैलेन्द्र रेग्मी सोही विभाग (कामकाज) को निर्देशक पदमा कायम मुकायम मुकर्रर हुनुभएको छ ।

## पदस्थापन

हालै प्रधान सहायक पदमा बढुवा हुनुभएका बैंकिङ कार्यालयका नरेन्द्र पाण्डे, रञ्जन गौतम, देवेन्द्र निरौला तथा गोपाल महर्जन, जनकपुर कार्यालयका सुरेन्द्रकुमार शाह तथा गंगेशकुमार झा, विराटनगर कार्यालयका संजीव बखेल, मुद्रा व्यवस्थापन विभागका प्रविन सुवेदी तथा गोपालबहादुर बुढाथोकी, वीरगञ्ज कार्यालयका अविनाशकुमार गुप्ता र वित्त व्यवस्थापन विभागका सुनिता कार्कीलाई कार्यरत विभाग तथा कार्यालयमा र जनकपुर कार्यालयका रुवी साहलाई संस्थागत योजना विभागमा पदस्थापन गरिएको छ ।

यसै गरी सहायक पदमा बढुवा हुनुभएका मुद्रा व्यवस्थापन विभागका महेन्द्रलाल सिंह, शिवकुमार शिवाकोटी, प्रकाश अधिकारी तथा खेमा पौडेल अधिकारी, जनकपुर कार्यालयका विरेन्द्रकुमार सिंह, वीरगञ्ज कार्यालयका रामचन्द्र महतो, जनशक्ति व्यवस्थापन विभागका पार्वती खरेल, बैंकिङ कार्यालयका आशाकाजी व्यञ्जनकार तथा रामहरी घिमिरे, सामान्य सेवा विभागका कुमार पण्डित र विराटनगर कार्यालयका राधाकृष्ण खड्कालाई कार्यरत कार्यालय तथा विभागमा र बैंकिङ कार्यालयका धनबहादुर न्यासुर तामाङलाई राष्ट्र ऋण व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ ।

## सरुवा

प्रधान सहायकहरू विदेशी विनिमय व्यवस्थापन विभागका उमा पहराईको जनशक्ति व्यवस्थापन विभागमा र बैंकिङ कार्यालयका कृष्णप्रसाद चौलागाईको विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा भएको छ ।

सहायकहरू वीरगञ्ज कार्यालयका प्रदिप घिमिरेको विराटनगर कार्यालयमा, सिद्धार्थनगर कार्यालयका सीता चौलागाईंको विदेशी विनिमय व्यवस्थापन विभागमा, बैंक सुपरिवेक्षण विभागका कृष्ण के.सी.को आन्तरिक लेखापरीक्षण विभागमा, विराटनगर कार्यालयका मनबहादुर राई तथा वासु रिजालको बैंकिङ कार्यालयमा, धनगढी कार्यालयका आशा थापा लुंगेली मगरको वित्त व्यवस्थापन विभागमा र राष्ट्र ऋण व्यवस्थापन विभागका राजु तिमिल्सिनाको मुद्रा व्यवस्थापन विभागमा तथा विदेशी विनिमय व्यवस्थापन विभागका उपसहायक बालकृष्ण अर्यालको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको छ ।

## अनिवार्य अवकाश

निर्देशकहरू गभर्नरको कार्यालयका विभुप्रसाद अर्याल तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका सन्तोषकुमार घिमिरेले बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

उपनिर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका सुदर्शन ढुङ्गाना, विकास बैंक सुपरिवेक्षण विभागका विकासराज पाण्डे तथा हरिराम रिमाल, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका दिपक पौडेल तथा सियाराम चौधरी, बैंकिङ कार्यालयका राजभाइ शाक्य तथा सिर्जना गौतम, टक्सार महाशाखाका रत्नकाजी गांसी, बैंक तथा वित्तीय संस्था नियमन विभागका आदर्शकुमार भट्टराई, राष्ट्र ऋण व्यवस्थापन विभागका प्रभा मैया न्यौपाने खनाल, कानुन महाशाखाका नवराज गौतम, संस्थागत योजना विभागका प्रकाश श्रेष्ठ, जनशक्ति व्यवस्थापन विभागका शशिधर अर्याल, बैंक सुपरिवेक्षण विभागका तिर्थराज सिलवाल र बैंकर्स प्रशिक्षण केन्द्रका प्रभा रिमाल न्यौपानेले बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

टक्सार महाशाखाका सहायक राजकुमार बिष्ट, कार्यालय सहयोगी (प्रथम) हरू जनकपुर कार्यालयका बैकुण्ठ बिहारी सिंह, अनुसन्धान विभागका कविता चौला र टक्सार महाशाखाका सानुकान्छा चौलाले पनि बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

उहाँहरू सबैले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था बमोजिम ३० वर्षे सेवा अवधिको कारण अनिवार्य अवकाश प्राप्त गर्नुभएको हो ।

# गभर्नर डा. नेपालद्वारा आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति २०७५ असार २७ गते काठमाडौंमा आयोजित एक समारोहका बीच सार्वजनिक गर्नुभयो ।




सो अवसरमा गभर्नर डा. नेपालले आर्थिक वर्ष २०७४/७५ को देशको आर्थिक स्थितिका साथै मौद्रिक नीतिको समीक्षा प्रस्तुत गर्दै नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति तर्जुमा गरिएको बताउनु भयो ।

आर्थिक वर्ष २०७४/७५ मा उद्योग क्षेत्र र सेवा क्षेत्रको वृद्धि उत्साहजनक रहेकोले देशको आर्थिक वृद्धिदर ५.९ प्रतिशत रहने अनुमान गरिएको बताउँदै उहाँले आर्थिक वृद्धिमा आएको सुधारसँगै नेपाली अर्थतन्त्रको आकार रु.३० खर्ब ७ अर्ब पुगेको उल्लेख गर्नुभयो ।

विगत दुई वर्षयता नेपालको मुद्रास्फीति नियन्त्रित अवस्थामा रहेको चर्चा गर्दै उहाँले निर्यातको तुलनामा आयातमा भएको उल्लेख्य वृद्धिका कारण व्यापार घाटा बढ्दै गएर कुल गार्हस्थ्य उत्पादनको ३४.४ प्रतिशत पुगेको बताउनु भयो ।

मौद्रिक नीतिको प्राथमिक लक्ष्य मूल्य स्थिरता रहे अनुरुप आर्थिक वर्ष २०७५/७६ मा नेपालको उपभोक्ता मुद्रास्फीतिलाई ६.५ प्रतिशतको सीमाभित्र राख्ने मौद्रिक नीतिको लक्ष्य रहेको उल्लेख गर्दै उहाँले वाह्य क्षेत्र स्थायित्वका लागि कम्तीमा ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने गरी मौद्रिक व्यवस्थापन गरिने जानकारी दिनुभयो ।

उक्त मौद्रिक नीतिमार्फत लिइएका मौद्रिक व्यवस्थापन, कर्जा व्यवस्थापन, व्याजदर व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, नियमन, लघु वित्त सम्बन्धी नियमन तथा विदेशी विनिमय व्यवस्थापन सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनबाट व्याजदर लगायत समग्र आर्थिक तथा वित्तीय स्थायित्व हासिल गर्न, वित्तीय पहुँच अभिवृद्धि गर्न र लक्षित आर्थिक वृद्धिदर हासिल गर्नमा सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

अर्थसचिव एवम् बैंकका सञ्चालक डा.राजन खनाल, डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, सञ्चालकहरू डा. श्रीराम पौड्याल, रामजी रेग्मी तथा डा. सुवोधकुमार कर्ण लगायत नेपाल सरकार तथा बैंकका उच्च अधिकृतहरूका साथै सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको उक्त समारोहमा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## मौद्रिक नीति २०७५/७६ मार्फत गरिएका मुख्य व्यवस्थाहरू

बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात वाणिज्य बैंकका लागि ६ प्रतिशत, विकास बैंकका लागि ५ प्रतिशत र वित्त कम्पनीका लागि ४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ देखि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी सबैले ४ प्रतिशत अनिवार्य नगद अनुपात कायम गर्नुपर्ने भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नु पर्ने वैधानिक तरलता अनुपात वाणिज्य बैंकहरूका लागि १२ प्रतिशतबाट १० प्रतिशत, विकास बैंकका लागि ९ प्रतिशतबाट ८ प्रतिशत र वित्त कम्पनीहरूका लागि ८ प्रतिशतबाट ७ प्रतिशत कायम गरिएको छ । अन्तिम ऋणदाता सुविधा दरको रुपमा रहेको बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशतमा झारिएको छ ।

वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीले आफ्नो कुल निक्षेप दायित्वको कुनै एक संगठित संस्थाबाट बढीमा २० प्रतिशतसम्म निक्षेप संकलन गर्न सक्ने सीमालाई १५ प्रतिशत कायम गरिएको छ ।

मुद्दती निक्षेपमा प्रकाशित व्याजदरमा १ प्रतिशतसम्म मात्र थप गरी बोलकबोलका आधारमा संकलन हुने संस्थागत मुद्दती निक्षेप परिचालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूलाई दीर्घकालीन ऋणपत्र जारी गरी वित्तीय साधन परिचालन गर्न प्रोत्साहित गरिने र यसरी संकलित साधनलाई कर्जा/कुल वित्तीय स्रोत (CCD) अनुपात गणना गर्दा समावेश गर्ने व्यवस्था मिलाइएको छ ।

वित्तीय क्षेत्र विकास रणनीतिमा भएको व्यवस्थालाई ध्यानमा राखी वाणिज्य बैंकहरूले २०७६ असारसम्म निक्षेप तथा कर्जाको व्याजदरको अन्तर ४.५ प्रतिशत कायम गर्नु पर्ने व्यवस्था गरिएको छ । व्याजदर अन्तर क्रमशः घटाउँदै लगिने मौद्रिक नीतिमा उल्लेख छ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८